**Published Date :२०८३-०७-१०**

# त्रिभुवनविश्वविद्यालय
## परीक्षानियन्त्रणकार्यालय
बल्खु, काठमाडौँ

## 4-Years B.A., BFA, B.B.S, B.Ed., B.Sc. 4th Year Supplementary-2082

### ४ वर्षे स्नातक तह वि.ए., वि.एफ.ए., वि.वि.एस., वि.एड., वि.एस्सी. चौथो वर्षको पूरक परीक्षा दिने परीक्षार्थीहरुका लागि परीक्षा आवेदन फाराम भर्ने सम्बन्धी सूचना।

त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, बल्खुद्वारा वार्षिक परीक्षा प्रणाली अनुसार मानविकी, व्यवस्थापन, शिक्षाशास्त्र संकाय र विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गत स्नातक तह चौथो वर्ष २०८२ को वार्षिक परीक्षामा सम्मिलित परीक्षार्थीहरुलाई त्रि.वि. प्राज्ञिक परिषद्बाट पूरक परीक्षामा सम्मिलित गराउने निर्णय भएकाले केन्द्रीय परीक्षा संचालक समितिको निर्णय अनुसारसम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. <u>परीक्षा आवेदन फाराम सम्बन्धमा</u> :

क) पूरक परीक्षा आवेदन फाराम भर्न स्नातक तह चौथो वर्ष २०८२ को नियमित परीक्षार्थी हुनु पर्नेछ।

ख) परीक्षा आवेदन खोलेको मिति अगाबै प्रथम, द्वितीय र तृतीय वर्षका सबै परीक्षाहरु (सैद्धान्तिक वा प्रयोगात्मक परीक्षा समेत) उत्तीर्ण भएको हुनु पर्नेछ ।

ग) चौथो वर्ष २०८२ को परीक्षामा बढीमा दुई विषयमा अनुत्तीर्ण वा अनुपस्थित परीक्षार्थी मात्रै सहभागी हुन पाउनेछन् ।

घ) पूरक परीक्षामा सहभागी परीक्षार्थीहरुलाई २०८२ सालको चौथो वर्षकै रोल नम्बरबाट परीक्षामा सहभागी गराइने भएकोले परीक्षा आवेदनमा सोही रोल नम्बर उल्लेख गरी आवेदन फाराम भर्नु पर्नेछ ।

ङ) परीक्षा आवेदन फाराम भर्ने मिति २०८३ **कार्तिक १० गतेदेखि मंसिर** ०४ गतेसम्म कायम गरिएकोले उक्त अवधिभित्र १.(क) देखि १.(घ) सम्म प्रक्रिया पूरा गरेका परीक्षार्थीहरुले सम्बन्धित क्याम्पसबाट अनलाइन(Online) मार्फत परीक्षा आवेदन भर्नु पर्नेछ ।

च) प्रयोगात्मक परीक्षा तथा आन्तरिक मूल्याङ्कनमा अनुपस्थित एवं अनुत्तीर्ण भएका विद्यार्थीहरुको हकमा सम्बन्धित विषयहरुको प्राप्ताङ्कहरु आवेदन फारामको अवधि भित्र प.नि.का., बल्खु वा सम्बन्धित क्षे.प.नि.का.मा बुझाई सक्नु पर्नेछ ।

छ) परीक्षा केन्द्र पछि प्रकाशित गरिनेछ ।

२. <u>परीक्षा आवेदन फाराम भर्ने शुल्क बुझाउने म्याद सम्बन्धमा</u>:

क) काठमाडौं उपत्यकाका क्याम्पस/कलेजहरुले त्रि.वि.प.नि.का. को नाममा जम्मा गरेको आवेदन फारामको नियमित शुल्क बुझाएको बैंक भौचर मिति २०८३/०८/०७ गते भित्र तथा सम्पूर्ण

परीक्षार्थीहरुको परीक्षा आवेदन फारामको ब्याच विवरण सूची अनिवार्य रुपमा त्रि.वि.प.नि.का.,बल्खु तथा उपत्यका बाहिरका क्याम्पस/कलेजहरुले सम्बन्धित क्षे.प.नि. का. मा बुझाउनु पर्नेछ। साथै दस्तुर तिरेको बैंक भौचर पनि मिति २०८३/०८/०७ गते भित्र प.नि.का. तथा सम्बन्धित क्षे.प.नि.का. मा बुझाउनु पर्नेछ।

ख) परीक्षा फारामको "ब्याच रिपोर्ट" प.नि.का. तथा सम्बन्धित क्षे.प.नि.का..मा बैंक भौचर सहित सर्वप्रथम लेखा शाखामा फारामको विवरण रुजु गराएर सम्बन्धित फाराम शाखामा बुझाउनु पर्नेछ।१

## ३.परिक्षा शुल्क सम्बन्धमा

| क्र.सं. | विवरण | शुल्क (रु.) |
|---|---|---|
| क | पुरक परीक्षार्थीका लागि प्रति खण्ड शुल्क | १०००।- |
| ख | परीक्षा आबेदन फाराम शुल्क | १००।- |
| ग | परीक्षा केन्द्र शुल्क | १५०।- |
| घ | प्रयोगात्मक परीक्षा प्रति विषयका लागि शुल्क | २००।- |
| ङ | प्रयोगात्मक परीक्षा दुई वा दुई भन्दा बढी विषयका लागि शुल्क | ३००।- |
| च | शिक्षण अभ्यास शुल्क :<br>रु ३५०।- मध्ये रु ५०।- प.नि.का., बल्खु र रु १५०।- शिक्षाशास्त्र संकाय, डिनको कार्यालय , र रु १५०।- सम्बन्धित क्याम्पसको खातामा राख्नुपर्नेछ। | ३५०।- |
| छ | फिल्ड वर्क, टर्म पेपर र प्रोजेक्ट वर्क शुल्क | ३००।- |

## ४. परीक्षा शुल्क बुझाउने सम्बन्धमा :

क) काठमाडौं उपत्यका भित्रका क्याम्पसहरुले त्रि.वि.कीर्तिपुर बल्खु परिसर भित्र रहेका ग्लोबल आईएमई बैंक लिमिटेडको आम्दानी खाता नं. ०५०१०१००००५०० मा वा नेपाल बैंक लिमिटेडको आम्दानी खाता नं. ०४५००१०००९९१०८००००१ मा परीक्षा सम्बन्धी शुल्कहरु जम्मा गरी प.नि.का. को नाममा रकम बुझाएको भौचर परीक्षा आवेदन फारामका साथ अनिवार्य रुपमा बुझाउनु पर्नेछ।

ख) क्षे.प.नि.का. पोखरा क्षेत्रका क्याम्पसहरुले परीक्षा सम्बन्धी सम्पूर्ण शुल्क क्षे.प.नि.का., पोखरा स्थित नेपाल बैंक लिमिटेड, बगर शाखाको खाता नं. ०९१००१०११०१३४०००००००३ मा रकम बुझाएको भौचर परीक्षा आवेदन फाराम साथै अनिवार्य रुपमा बुझाउन पर्नेछ।

ग) क्षे.प.नि.का. विराटनगर क्षेत्रका क्याम्पसहरुले परीक्षा सम्बन्धी सम्पूर्ण शुल्क क्षे.प.नि.का, विराटनगर स्थित नेपाल बैंक लिमिटेड, बजार अड्डा शाखाको खाता नं. १०४००१००९२२१२००००००३ मा रकम बुझाएको भौचर परीक्षा आवेदन फाराम साथै अनिवार्य रुपमा बुझाउन पर्नेछ।

घ) क्षे.प.नि.का.बर्दिबास क्षेत्रकाक्याम्पसहरुले परीक्षा सम्बन्धी सम्पूर्ण शुल्क क्षे.प.नि.का., बर्दिबास स्थित नेपाल वैंक लिमिटेडको आम्दानी खाता नं. २५४००१०८०४१०६८००००२ मा रकम बुझाएको भौचर परीक्षा आवेदन फाराम साथै अनिवार्य रुपमा बुझाउनु पर्नेछ।

ङ) क्षे.प.नि.का. नेपालगंज क्षेत्रका क्याम्पसहरुले परीक्षा सम्बन्धी सम्पूर्ण शुल्क क्षे.प.नि.का., नेपालगंज स्थित ग्लोवल आईएमई बैंक लिमिटेड, त्रिभुवन चोक, बाँके खाता नं. २१०१०१०००००७६ मा रकम बुझाएको भौचर परीक्षा आवेदन फाराम साथै अनिवार्य रुपमा बुझाउन पर्नेछ।

च) क्षे.प.नि.का. अत्तरियाको हकमा काठमाण्डौ त्रि.वि.प.नि.का. वल्खु परीसरमा रहेको ग्लोवल वैंक लिमिटेडको आम्दानी खाता नं. ०५०१०१००००५०० मा वा नेपाल वैंक लिमिटेड आम्दनी खाता नं. ०४५००१०००९९१०८००००००१ मा परीक्षा सम्बन्धी शुल्कहरु जम्मा गरी त्रि.वि.प.नि.का.को नाममा रकम वुझाएको भौचर परीक्षा आवेदन फारामका साथै अनिवार्य रुपमा वुझाउनु पर्नेछ ।

परीक्षा नियन्त्रक